एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
सबैको सुरक्षा, एनएलजीको ईच्छा
पो.ब.नं.: २०६००, पानीपोखरी, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ०१-४४१८११३, ४००६६२५, फ्याक्स्: ९७७-१-४४१६४२७
इमेल: info@nlgi.com.np, nlgi@mail.com.np, www.nlg.com.np

# आ.व. २०७७/०७८ को दोश्रो त्रैमासिक सम्मको लेखापरीक्षण नभएको वित्तीय परिणाम

## वासलात

(रकम रू.हजारमा)

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्वन्धित त्रैमासिकको |
|---|---|---|---|---|
| १. | **श्रोत (१.१ देखि १.५ सम्म)** | २,५०४,३१५ | २,४११,६८९ | १,७८१,६९३ |
| १.१ | चुक्ता पूँजी | १,०२४,६५० | १,०२४,६५० | ६४०,४०६ |
| १.२ | जगेडा तथा कोष | ४३०,७७८ | ३८४,४६५ | २४२,१४२ |
| १.३ | बीमा कोष | ९७३,२९३ | ९२६,९८० | ८३६,०६३ |
| १.४ | महा-विपत्ती जगेडा | ७५,५९४ | ७५,५९४ | ६३,०८२ |
| १.५ | तिर्न बाँकी दीर्घकालीन ऋण तथा सापटी | - | - | - |
| २. | उपयोग (२.१ देखि २.६ सम्म ) | २,५०४,३१५ | २,४११,६८९ | १,७८१,६९३ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | २०,१०७ | १९,२९७ | १९,९७८ |
| २.२ | दिर्घकालिन लगानी | ५०६,६१३ | ५५८,१४६ | ५३६,६६० |
| २.३ | दिर्घकालिन कर्जा | ३३,०५९ | ३६,२६८ | ३८,६५२ |
| २.४ | खुद चालु सम्पत्ति (३ - ४) | १,९४४,५३६ | १,७९७,९७८ | १,१८६,४०३ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | - | - | - |
| २.६ | नाफा-नोक्सान हिसाबबाट सारेको नोक्सान | - | - | - |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३. | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरू ( ३.१ देखि ३.४ सम्म) | ३,४६०,९२९ | ३,२५६,९९८ | २,८३५,९६८ |
| ३.१ | नगद तथा बैंक मौज्दात | २४४,७३५ | ३४७,९०० | १२५,४८३ |
| ३.२ | अल्पकालिन लगानी | २,०८०,५१२ | १,९०४,२३२ | १,६६३,४४० |
| ३.३ | अल्पकालिन कर्जा | २,६९८ | २,८७७ | ४,२१६ |
| ३.४ | अन्य सम्पत्ति | १,१३२,९८४ | १,००१,९८९ | १,०४२,८२९ |
| ४. | चालु दायित्व तथा व्यवस्थाहरू ( ४.१ देखि ४.४ सम्म) | १,५१६,३९३ | १,४५९,०२० | १,६४९,५६५ |
| ४.१ | चालु दायित्व | २८४,७८४ | ४१८,९३५ | ४९३,०७३ |
| ४.२ | असमाप्त जोखिम बापत व्यवस्था | ५७०,४४८ | ४१६,५८५ | ५३८,२३० |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | १२६,९१९ | १०७,२९६ | २००,९२३ |
| ४.४ | अन्य व्यवस्था | ५३४,२४२ | ५१६,२०४ | ४१७,३३९ |

## नाफा नोक्सान हिसाब

(रकम रू.हजारमा)

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्वन्धित त्रैमासिकको |
|---|---|---|---|---|
| १. | आम्दानी ( १.१ देखि १.४ सम्म ) | २५७,८९४ | १२३,५८६ | १६८,६१३ |
| १.१ | आय ब्यय हिसाबबाट सारेको | १२२,९७१ | ५०,४८६ | ७९,३७५ |
| १.२ | लगानी कर्जा तथा अन्यबाट आय | ११६,९८१ | ५३,७२० | ६५,७१५ |
| १.३ | व्यवस्था फिर्ता | १७,९४२ | १९,३८० | २३,५२३ |
| १.४ | अन्य आम्दानी | - | - | - |
| २. | व्यवस्था तथा खर्चहरू ( २.१ देखि २.८ सम्म ) | १०३,९२७ | ६२,२४५ | ८१,०२५ |
| २.१ | व्यवस्थापन खर्च | १०,८८६ | ५,८१२ | ११,३०५ |
| २.२ | अपलेखन खर्च | - | - | - |
| २.३ | शेयर सम्बन्धी खर्च | १,२५१ | ८७० | ९६३ |
| २.४ | अन्य खर्च | - | - | - |
| २.५ | नोक्सानीको लागि व्यवस्था | ७,००० | १७,९४२ | २२,०९६ |
| २.६ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.७ | कर्मचारी बोनस व्यवस्था | २३,८७६ | ९,८९६ | १३,४२५ |
| २.८ | आयकर | ६०,९१४ | २७,७२५ | ३३,२३६ |
| ३. | खुद नाफा/नोक्सान (१ - २) | १५३,९६७ | ६१,३४१ | ८७,५८८ |

## एकिकृत आय व्यय हिसाव

(रकम रू.हजारमा)

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्वन्धित त्रैमासिकको |
|---|---|---|---|---|
| १. | आय ( १.१ देखि १.६ सम्म ) | १,१७६,३२६ | ७४६,७८२ | १,२५६,८९६ |
| १.१ | बीमा शुल्क ( खुद) | ५५२,०२१ | २११,७१२ | ४३४,२४१ |
| १.२ | पुनर्बीमा कमिशन आय | १४७,४६१ | ८३,९६१ | १४४,२३२ |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ४०,३६३ | १४,६२८ | ३४,६८५ |
| १.४ | अन्य प्रत्यक्ष आय | - | - | - |
| १.५ | त्रैमासिकको शुरूको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | १३६,८६२ | १३६,८६२ | २३४,२०० |
| १.६ | त्रैमासिकको शुरूको असमाप्त जोखिम बापत व्यवस्था | २९९,६१९ | २९९,६१९ | ४०९,५३८ |
| २. | व्यय ( २.१ देखि २.८ सम्म ) | १,०५३,३५५ | ६९६,२९६ | १,१७७,५२१ |
| २.१ | दावी भुक्तानी ( खुद) | २१३,२९० | १०२,३२६ | ३०४,६१९ |
| २.२ | अभिकर्ता कमिशन | ३६,४३७ | २०,९०५ | २९,६४८ |
| २.३ | पुनर्बीमा कमिशन खर्च | ६,६३६ | ३४३ | ४,३६८ |
| २.४ | सेवा शुल्क (खुद) | ५,५२० | २,११७ | ४,३४२ |
| २.५ | अन्य प्रत्यक्ष खर्च | २,७५० | १,०३५ | १,४२४ |
| २.६ | व्यवस्थापन खर्च | ९७,९७७ | ५२,३१२ | १०१,७४७ |
| २.७ | त्रैमासिकको अन्त्यको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | १२६,९१९ | १०७,२९६ | २००,९२३ |
| २.८ | त्रैमासिकको अन्त्यको असमाप्त जोखिम बापत व्यवस्था | ५६३,८२६ | ४०९,९६२ | ५३०,४५० |
| ३. | नाफा-नोक्सान हिसाबमा सारेको (१ - २) | १२२,९७१ | ५०,४८६ | ७९,३७५ |

## अन्य

(रकम रू.हजारमा)

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्वन्धित त्रैमासिकको |
|---|---|---|---|---|
| १ | बीमा शुल्क आर्जन (कूल) (रकम रू. हजारमा) | १,१०७,०४३ | ५६२,५०८ | ९२५,०९० |
| २ | जारी बीमालेखको संख्या | ११३,७४८ | ५६,९२१ | ९२,४५३ |
| ३ | नवीकरण गरिएको बीमालेखको संख्या | २३,७६८ | ११,८८९ | १३,२२६ |
| ४ | कुल दावी भुक्तानीको रकम (रू. हजारमा) | ५८२,२४८ | २४२,६१० | ६०८,८८४ |
| ५ | कुल दावी भुक्तानी संख्यामा | ३,५८३ | १,५८६ | ३,६७० |
| ६ | भुक्तानी हुन बांकी दावी भुक्तानी (रू. हजारमा) | ९८३,२९६ | ७३१,३१५ | ६८४,५२० |
| ७ | भुक्तानी हुन बांकी दावी भुक्तानी संख्यामा | ५,१६५ | ३,७४९ | ३,३३० |

नोट : यस त्रैमासिक भन्दा अघिल्लो त्रैमासिकहरूको बित्तीय विवरण आवश्यकतानुसार पुनः बर्गिकरण तथा संशोधन गरी प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-१४
## (नियम २६ को उपनियम -१ संग सम्बन्धित)

# आ.व. २०७७/०७८ को दोस्रो त्रैमासिक प्रतिवेदन

**(१) वित्तिय विवरण :**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धित विवरण ।
यस कम्पनीको आ.व. २०७७/०७८ को दोश्रो त्रैमासिक अवधि सम्मको लेखापरीक्षण नभएको (Provisional) वासलात, नाफा नोक्सान तथा आय व्यय हिसाव विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तिय अनुपातहरू :

| प्रति शेयर आम्दानी (EPS) | मूल्य आम्दानी अनुपात (PE Ratio) | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ३०.०५ | २८.३९ | २४४.४१ | ३९२.४० | २.२८ |

**(२) व्यवस्थापकीय विश्लेषण :**

स्तरीय सेवाका कारण बीमितहरूको विश्वास हासिल गर्न यो कम्पनी सफल भएको छ । यसैले कम्पनीको बीमा व्यवसाय उल्लेखनीय रूपमा निरन्तर बृद्धि हुदै गईरहेको र सोही अनुरूप मुनाफामा समेत उल्लेखनीय बृद्धि भएको छ । समीक्षा अवधिसम्मको बीमा व्यवसाय मुनाफामा नै रहेको छ । आगामी दिनहरूमा सवै क्षेत्रहरूमा अझ बढि सेवा विस्तार गर्दै जाने रणनीति कम्पनीले लिएको छ । आर्थिक वर्षको यस त्रैमासिकको अन्त्य सम्मको अवस्थामा पनि कम्पनीले गत वर्षको सोही अवधिको भन्दा १९.६७ प्रतिशतले बीमाशुल्क बृद्धि गर्न सफल भएको छ भने सोही अवधिमा खुद नाफा ७५.७९ प्रतिशतले बृद्धि भएको छ । समीक्षा अबधिमा समेत कम्पनीले जारी गरेको बीमालेखमा परेको बीमा दावीको अनुपातमा बृद्धि हुँदै गई रहेको छ । उक्त बीमा दावीहरूको व्यवस्थापन विश्वसनीय तरिकाले छिटो छरितो प्रभावकारी रूपमा गरिने रणनीति समेत कम्पनीले लिएको छ ।

**(३) कानूनी कारवाही सम्बन्धी विवरण :**

क) यस अवधिमा कम्पनीको तर्फबाट केही मुद्दाहरू दायर भएको र केहीमा कम्पनीको पक्षमा फैसला भएको तर कम्पनी विरूद्धमा कुनै मुद्दा दायर नभएको ।
ख) कम्पनीको संस्थापक वा संचालक वा संस्थापक वा संचालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।
ग) कुनै संस्थापक वा संचालक विरूद्धमा आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

**(४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) शेयर कारोबार धितोपत्र बजारबाट निर्देशित रहने भएता पनि यस कम्पनीको शेयर कारोबार दोश्रो बजारमा सकारात्मक रहेको छ । लगानीकर्ताहरूको यस संस्था प्रतिको बिश्वास उच्च रहेको हुँदा कम्पनीको व्यबसायिक अभिबृद्धि संगै कारोबार मूल्य सकारात्मक तर्फ उन्मुख भएको हुँदा भविष्यमा समेत सोही अनुरूप हुने अपेक्षा गरिएको छ ।
ख) नेपाल स्टक एक्सचेन्ज लि. को वेभसाइट अनुसार मिति २०७७/०७/०१ देखि २०७७/०९/२९ सम्मको अवधिमा संस्थाको शेयरको कारोबार विवरण देहाय अनुसार छ ।

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रु. | अन्तिम मूल्य रु. | कारोवार संख्या | कारोबारको कुल दिन | कारोवार भएको शेयर संख्या | शेयर कारोवार रकम रु. |
|---|---|---|---|---|---|---|
| ८६३ | ६७५ | ८५३ | ६७६३ | ५८ | १०,५२,७६३ | ७९,१४,५१,६१८ |

**(५) समस्या तथा चुनौति :**

यस आर्थिक वर्षको दोश्रो त्रयमासको अन्त्य सम्ममा कोरोना भाईरस (Covid-19) रोगको महामारी जस्तो प्रतिकूल अवस्थामा पनि देशको निर्जीवन बीमा व्यवसाय समग्र रूपमा उल्लेखनीय बृद्धि हासिल गर्न सफल भएको छ । पछिल्लो समयमा नेपाल सरकारले नेपालमा पनि कोरोना भाईरस (Covid-19) रोगको खोप लगाउने कार्य शुरू गरिसकेको अवस्थामा आर्थिक गतिविधि चलायामान हुँदै गएको हुदाँ बीमा व्यवसायमा समेत अनुकूल प्रभाव पर्ने देखिन्छ । यसका साथै बीमा क्षेत्र आधारभूत आवश्यकता भित्र परिसकेको वर्तमान परिस्थितिमा निर्जीवन बीमा कम्पनीहरू बीच दिनानुदिन बढ्दो प्रतिस्पर्धा थप चुनौतीपूर्ण बन्नुका साथै मुद्रास्फृतिका कारण संचालन खर्चहरूमा वृद्धि हुँदै जानु तथा पुनर्बीमा जोखिमहरूको पर्याप्त बन्दोबस्त नहुनु र जनचेतना उल्लेख्य रूपमा अभिवृद्धि नहुनु प्रमुख समस्याको रूपमा रहेको छ भने ग्रामीण क्षेत्रमा यसको विस्तार अझ चुनौतिपूर्ण रहेको छ । अत : बीमाको आवश्यकता, महत्व तथा अनिवार्यताका लागि सम्बन्धित सबैले आ-आफ्नो क्षेत्रबाट सक्रिय रूपमा प्रचार प्रसार गरी जनचेतना जगाउन लाग्नु पर्ने देखिन्छ भने ग्राहकहरूलाई स्तरीय, छिटो/छरितो तथा प्रभावकारी सेवा दिनु अपरिहार्य भएको अवस्थामा कार्यरत कर्मचारीहरूलाई थप दक्ष तथा प्रोत्साहित बनाउने नीति अवलम्बन गरिदै आइएको छ । प्राकृतिक प्रकोप तथा मोटर दुर्घटनाको संख्या अत्याधिक रूपमा बढेको देखिएको छ । यसमा मुख्य रूपमा जोखिम मूल्याङकन प्रणालीलाई परिष्कृत गर्दै पुनर्बीमासंग गरिने सम्झौतामा पुनरावलोकन गरी अगाडि बढ्नु पर्ने देखिएको छ ।

**(६) संस्थागत सुशासन :**

संस्थागत सुशासनका लागि कम्पनी सदैब कटिबद्ध रही बीमा ऐन, बीमा नियमावली तथा बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिकाको पालना गरिएको छ । सो का साथै बीमा समितिद्वारा समय समयमा जारी निर्देशिका र आन्तरीक विनीयमावली तथा प्रणालीको पालनाका लागि आन्तरिक लेखापरीक्षण समेत गर्दै आएको छ ।

**(७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमूखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा पेश गरेको विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा पूर्ण उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्यपूर्ण छन् र लगानीकर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

## 'सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र नियमावली २०६५ को नियम ३' बमोजिमको प्रयोजनका लागि यो विवरण प्रकाशित गरिएको छ ।

| क्र. संख्या | विवरण | व्यवस्था |
|---|---|---|
| क. | निकायको स्वरूप र प्रकृति | प्रचलित कम्पनी ऐन, र बीमा ऐन, अन्तर्गत दर्ता भई सञ्चालित बीमा कम्पनी । |
| ख. | निकायको काम, कर्तव्य, अधिकार | बीमा ऐन, २०४९ बीमा नियमावली, २०४९ कम्पनीको प्रबन्ध पत्र एवं नियमावलीमा व्यवस्था भए बमोजिमका काम, कर्तव्य, अधिकार । |
| ग. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | कम्पनीमा हाल स्थायी, अस्थायी र करार समेत गरी जम्मा ३८४ कर्मचारी कार्यरत रहेको । |
| घ. | निकायबाट प्रदान गरिने सेवा | बीमा ऐन, २०४९ बमोजिम निर्जीवन बीमा कम्पनीले प्रदान गर्ने सम्पूर्ण बीमा सेवाहरू। |
| ङ. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | सेवा प्रदान गर्ने कम्पनीका शाखा र जिम्मेवार अधिकारीहरूको विवरण कम्पनीको वेभ साईट www.nlg.com.np मा उपलब्ध छ । |
| च. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | दस्तुरका सम्बन्धमा बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९, बीमा समितिले तोकेको दर तथा कम्पनीको व्यवस्थापनबाट निर्धारण गरे बमोजिम रहेको छ र अवधिको हकमा बीमालेख तथा ग्राहकको आवश्यकता अनुसार । |
| छ. | निर्णय गर्ने प्रकृया र अधिकारी | बीमा कारोबारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरूले निर्णय गर्न सक्ने व्यवस्था वा प्रकृया रहेको छ । प्रमुख कार्यकारी अधिकृत तथा संचालक समिति अन्तिम निर्णयकर्ताको रूपमा रहेको । |
| ज. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | उजुरीको प्रकृति अनुसार प्रमुख कार्यकारी अधिकृत एवं सम्बन्धित विभागीय प्रमुखहरू। |
| झ. | सम्पादन गरेको कामको विवरण | बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९ तथा बीमा समितिबाट समय-समयमा जारी भएका निर्देशन तथा परिपत्र बमोजिम निर्जीवन बीमा कम्पनीले गर्न सक्ने कारोबार सम्पादन भइरहेको छ । |
| ञ. | सूचना अधिकारी र प्रमुखको नाम र पद | श्री नौमीनाथ अधिकारी (प्रमुख प्रशासन विभाग)<br>श्री सुनिल बल्लभ पन्त (प्रमुख कार्यकारी अधिकृत) |
| ट. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९, कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली, २०६३, बीमा समितिबाट जारी भएका निर्देशिकाहरू, परिपत्रहरू, आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०४९ तथा श्रम नियमावली, २०५० लगायत अन्य प्रचलित सबै ऐन तथा नियमावलीहरू । |
| ठ. | आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरण | संस्थाको आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धि त्रैमासिक अद्यावधिक विवरणहरू तोकिएको ढाँचामा राष्ट्रियस्तरको पत्र-पत्रिकामा प्रकाशित हुदै आएको छ । |
| ड. | तोकिए बमोजिमका अन्य विवरण | श्री बीमा समितिले तोके बमोजिमका विवरणहरू । |
| ढ. | अघिल्लो आ.व. मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण | अभिकर्ताहरूको भेला तथा तालिम, वार्षिक साधारण सभा, कर्मचारीहरूलाई तालिम आदि । |
| ण. | सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण | www.nlg.com.np |
| त. | सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण । | स्थानीय र राष्ट्रियस्तरका पत्रिकाहरूमा आवश्यकता अनुसार प्रकाशन गर्ने गरिएको छ । |

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
सबैको सुरक्षा, एनएलजीको ईच्छा
पो.ब.नं.: २०६००, पानीपोखरी, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ०१-४४१८११३, ४००६६२५, फ्याक्स्: ९७७-१-४४१६४२७
इमेल: info@nlgi.com.np, nlgi@mail.com.np, www.nlg.com.np